**प्रस्तावहरुः**

२०८१।०८२-०४।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०४।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०४।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०४।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०४।०५ आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक आय, व्यय प्रतिवेदन सम्बन्धमा ।

२०८१।०८२-०४।०६ चाडपर्व व्यवस्थापन, शान्तिसुरक्षा तथा शुभकामना आदानप्रदान सम्बन्धमा।

२०८१।०८२-०४।०७ जग्गा बर्गीकरण सम्बन्धमा ।

२०८१।०८२-०४।०८ विद्युतीय चुलोको दिगो विकास परियोजना सञ्चालन अनुमति सम्बन्धमा।

२०८१।०८२-०४।०९ सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडले यस क्षेत्रमा सेवा प्रवाह सञ्चालन अनुमति सम्बन्धमा।

२०८१।०८२-०४।१० SEE आवासीय छात्रावास सञ्चालन सम्बन्धमा ।

२०८१।०८२-०४।११ विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरू अनुमोदन तथा मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माणका लागि लाभग्राही सिफारिस/भुक्तानी सम्बन्धमा ।

२०८१।०८२-०४।१२ रूपा १ को वडा कार्यालय जोड्ने सडक र वडा नं २ को प्रशासनिक भवनको ठेक्का म्याद थप सम्बन्धमा ।

२०८१।०८२-०४।१३ सार्वजनिक सुनुवाइ सम्बन्धमा ।

२०८१।०८२-०४।१४ रूपा गाउँपालिका वडा नं १ को कार्यालय भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धमा ।

२०८१।०८२-०४।१५ आर्थिक वर्ष २०८२।०८३ को राजस्व अनुमान सम्बन्धमा ।

२०८१।०८२-०४।१६ बिबिध सम्बन्धमा ।

धानमा सेतो किरा महामारी सम्बन्धमा ।

पर्यटन प्रवर्धन सम्बन्धी बजेट खर्च सम्बन्धमा ।

पौवा गुठी सम्बन्धमा ।

कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०१**

प्रस्ताव नं २०८१/०८२-०४।०१ उपर छलफल गर्दा १५४ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०२**

प्रस्ताव नं २०८१/०८२-०४।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०३**

प्रस्ताव नं २०८१/०८२-०४।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०४**

प्रस्ताव नं २०८१/०८२-०४।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

अन्नपुर्ण संरक्षण क्षेत्र परियोजनाको बैठक

विपद् व्यवस्थापन समितिको बैठक

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०५**

प्रस्ताव नं २०८१/०८२-०४।०५ उपर छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतद्वारा पेस भएको आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिकको वित्तीय प्रतिवेदन स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०६**

प्रस्ताव नं २०८१/०८२-०४।०६ उपर छलफल गर्दा गर्दा बि.स. २०८१ सालको बडा दशै, दिपावली, छठ लगायत नेपाल संवत् जस्ता चाडपर्वहरुको अवसरमा शुभकामना आदानप्रदान सहित तपसिलका निर्णयहरु गरियो।

तपसिलः

क) हिन्दुहरूको महान पर्व विजयादशमीको सुरक्षाको प्रवन्धको बारेमा समिक्षा गरी दिपावली लगायतका चाडपर्व अवसरमा हुन सक्ने अपराधिक तथा हिंसात्मक घटनाहरु घट्न नदिइ प्रभावकारी शान्ति सुरक्षाको प्रत्याभुति गराउन यस गाउँपालिकामा रहेका भिरचोक प्रहरी चौकी, हंसपुर प्रहरी चौकी, देउराली प्रहरी चौकी, स्यास्त्री अस्थायी प्रहरी चौकी र पोल्याङ् अस्थायी प्रहरी चौकीलाई पत्राचार गर्ने तथा शुभ दिपावलीको पावन अवसरमा सञ्चालन हुने देउसी भैलो कार्यक्रमलाई मर्यादित र संस्कृतिमैत्री बनाउन सूचनामुलक सन्देश सहित प्रत्येक वडा कार्यालायहरूमा पत्राचार गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०७**

प्रस्ताव नं २०८१/०८२-०४।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा रहेका भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल

गर्न भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ (पछिल्लो संशोधन सहित) का आधारमा गाउँपालिकाद्वारा निर्माण गरिएको रूपा गाउँपालिका कास्कीको भूउपयोग आधार तथा मापदण्ड, २०८१ बमोजिम परामर्शदाता **Apeirogon Geo Tech Pvt. Ltd.** टोखा-१०, काठमाडौँद्वारा संशोधन सहित पेस भएको रूपा गाउँपालिका कास्कीका सम्पुर्ण वडाहरू (१ देखि ७)(साविक गा.वि.स/गाउँ पञ्चायत देउराली वडा नं १-९, रूपाकोट वडा नं ५-९, भिरचोक वडा नं १-९ फल्याङ्कोट वडा नं १-९ , स्याक्लुङ वडा नं ४-९, माझगाउँ वडा नं १-९, सिर्कुतान वडा नं १-९ र खाल्टे वडा नं १-९)का जग्गा बर्गीकरण सहितको भूउपयोग प्रतिवेदन स्वीकृत गर्ने र उक्त तथ्याङ्कका आधारमा विवरण अद्यावधिकको लागि प्रमाणित कागजात सहित नापी कार्यालय र मालपोत कार्यालय, लेखनाथलाई पेस गर्ने। साथै बर्गीकरण गरिएका कित्ताहरुको प्रकृति फरक पर्न गएको भए सरकारी अभिलेख अनुसार तथा कुनै कित्ता छुट हुन गएको भए रूपा गाउँपालिका भु उपयोग परिषद्को निर्णयानुसार गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०८**

प्रस्ताव नं २०८१/०८२-०४।०८ उपर छलफल गर्दा नेपाल विद्युतीय चुलोको दिगो विकास परियोजना अन्तर्गत सहुलियत दरमा रूपा गाउँपालिका कास्कीमा विद्यूतीय चुलो वितरण कार्यक्रम सञ्चालनको लागि धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र बागलुङलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।०९**

प्रस्ताव नं २०८१/०८२-०४।०९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा सेवा विस्तार गर्नका लागि सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सुचिकृत गरी सेवा विस्तारका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१०**

प्रस्ताव नं २०८१/०८२-०४।१० उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा कक्षा १० सम्म सञ्चालित माध्यमिक विद्यालयहरूको माध्यमिक शिक्षा परिक्षालाई थप सुधारका निमित्त रूपा गाउँ शिक्षा समितिद्वारा पेस भएको एकिकृत SEE आवासीय छात्रावास कार्यक्रम सञ्चालन गर्ने र सोको लागि कक्षा १० मा अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ संशोधन सहित स्वीकृत गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।११**

प्रस्ताव नं २०८१/०८२-०४।११ उपर छलफल गर्दा मिति २०८१ कार्तिक ०५ को विपद् व्यवस्थापन समितिको वैठकका निर्णयहरू अनुमोदन सहित तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि , २०७७ अनुसार मनसुनजन्य विपदबाट रूपा गाउँपालिका कास्कीका तपसिलका स्थानीयबासीहरू प्रभावित भएको पाइएकाले निवेदनसहित कागजात पेस भएका देहायका व्यक्तिहरूलाई लाभग्राहीमा सूचीकृत गरी नामावली सहित जिल्ला विपद् व्यवस्थापन समितिमा

सिफारिस गर्ने तथा पहिलो किस्ता अनुदान प्राप्त गरेका लाभग्राहीहरूको दोस्रो किस्ता निकासाको लागि उल्लिखित समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | पार्वती रेग्मी | रुपा ४ |
| २ | पुरूषोत्तम रेग्मी | रूपा ४ |
| ३ | कुश बहादुर गुरुङ्ग | रुपा ६ भिरचोक |
| ४ | गर्भे जलारी | रुपा ६ |
| ५ | देवराज अधिकारी | रुपा ६ |
| ६ | हिकमत अलि मियाँ | रुपा ६ |
| ७ | शान्ति शार्की | रुपा ६ |
| ८ | लुरी शार्की | रुपा ६ |
| ९ | अनिता शार्की | रुपा ६ |
| १० | नवराज पौडेल | रूपा ७ |
| ११ | पुर्ण बहादुर चदारा | रूपा ७ |
| १२ | डिल बहादुर कामी | रूपा ७ |
| १३ | प्रताप चदारा | रूपा ७ |
| १४ | श्री प्रसाद भट्टराई | रूपा ७ |
| १५ | गंगा बहादुर सार्की | रूपा ७ |
| १६ | दान बहादुर थापा | रूपा ७ |
| १७ | जीवन विश्वकर्मा | रूपा ७ |
| १८ | सरिता साक्य | रूपा ७ |
| १९ | सत्यराज सुवेदी | रूपा ७ |
| २० | सुदिप विक | रूपा ७ |
| २१ | तुलसा न्यौपाने | रुपा ७ |
| २२ | शमशेर परियार | रूपा ३ |

**ख)** रूपा गाउँपालिका वडा नं १,३ र ७ भएर बहने मादी नदीको बहाव परिवर्तन भइ रूपा ७ माझवेशीका वस्ती तथा माझवेशि पुल, रूपा ३ पोल्याङ, रुपा १ स्थित ब्रिद्धी र कुनाकोमुख जोखिममा परेको तथा उक्त नदी नियन्त्रणका लागि गण्डकी प्रदेश विपद् व्यवस्थापन समितिद्वारा निर्णय भइ प्रदेश विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नेगरी बजेट विनियोजन समेत भएकाले उक्त नदीको बहाव परिवर्तन गरी मादी नदी नियन्त्रणका लागि आवश्यक सहयोग तथा प्रक्रिया अगाडि बढाउनुका साथै जेसिवी सञ्चालन अनुमतिका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

रुपा गाउँपालिका कास्की

ग) रूपा गाउँपालिका वडा नं ४ मा रहेको खाल्टे खोलाले खेतीयोग्य जमिन तथा मानव बसोबास भएको जग्गा कटान तथा उक्त क्षेत्र जोखिमयुक्त भइ धनजनको क्षति हुने देखिएकाले उक्त खोला नियन्त्रणका लागि आवश्यक सहयोग तथा प्रक्रिया अगाडि बढाउन जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१२</u>**

प्रस्ताव नं २०८१/०८२-०४।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) ठेक्का नं 1 / Rupa / NCB / WORKS / 2080/ 2081, Upgrading, of Ramkot Ramadi Road Third part को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Madan Engineering and Construction Pvt. Ltd विच मिति २०८०।११।३ गते भएको सम्झौताअनुसार निर्माण कार्यको लागि असोज मसान्तसम्म म्याद रहेकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकिने भनी निर्माण व्यवसायीले अविरल बर्षा तथा चाडपर्वको कारण देखाइ मिति २०८१ असोज ६ गते म्याद थपको निवेदन पेस गरेकोमा हाल सडक ढलानको कार्य नियमित रूपमा भैरहेकोले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ मंसिर मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

ख) ठेक्का नं 5 / Rupa / NCB / WORKS / 2078/ 2079, Construction of Ward no 2 Administrative Building at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Kasyap Nirwan Sewa and Suppliers Pvt. Ltd विच मिति २०७८।१०।२४ गते भएको सम्झौताअनुसार निर्माण कार्य सूचारु भइ मिति २०८१ असोज मसान्तसम्म म्याद भएको र निर्माण ब्यबसायीले अविरल बर्षाको कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि म्याद थपको निवेदन पेस गरेकोमा हाल उक्त भवन निर्माण कार्य नियमित रूपमा भैरहेको र भवन सम्पन्नको चरणमा रहेकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ माघ मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

ग) ठेक्का नं २ / Rupa / NCB / WORKS / 2080/ 2081, Upgrading of Rupa Rural Municipality Ward 1 and Rupa Rural Municipality Ward 4 Connecting Road को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Panthi Construction and Builders Pvt. Ltd विच मिति २०८०।११।३ गते भएको सम्झौताअनुसार निर्माण कार्य सूचारु भइ मिति २०८१ असोज मसान्तसम्म म्याद भएको र निर्माण ब्यबसायीले अविरल बर्षा र पहिरोको कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनी मिति २०८१ असोज ७ म्याद थपको निवेदन पेस गरेकोमा हाल उक्त सडक निर्माणको कार्य नियमित रूपमा भैरहेकोले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ मंसिर मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१३</u>**

प्रस्ताव नं २०८१/०८२-०४।१३ उपर छलफल गर्दा रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीद्वारा आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकमा भए गरेका सेवा प्रवाह तथा विकास

निर्माणका सम्बन्धी विषयहरूमा तपसिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ आयोजना गर्ने निर्णय गरियो ।

तपसिलः

मितिः २०८१/०७/३०

समयः विहानः ११.०० बजेदेखि

स्थानः रूपा गाउँपालिका वडा नं ४ सिद्ध

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१४**

प्रस्ताव नं २०८१/०८२-०४।१४ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं १ को कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्नुपर्ने सम्बन्धमा दरगाउँटार साविक फल्याङ्कोट-१ निवासी बालकुमारी श्रेष्ठको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८ कि नं ७९ को क्षेत्रफल ५-८-३-१ को जग्गा मध्येबाट ०-१३-०-० जग्गा वडा नं १ को भवन निर्माणका लागि निशुल्क दिन वडा कार्यालयमा मञ्जुरी सहमती गरेकाले सरकारी जग्गा दर्ता उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ अनुसार उक्त जग्गा प्राप्तको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१५**

प्रस्ताव नं २०८१/०८२-०४।१५ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक वर्ष २०८२।०८३ को आय, व्ययको प्रक्षेपण सहितको तथ्याङ्क संशोधन सहित स्वीकृत गरी संघीय तथा प्रादेशिक कार्यालयहरूमा पत्राचार गरी पठाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०४।१६**

प्रस्ताव नं २०८१/०८२-०४।१६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीमा रहेका कृषियोग्य जमिनमा झुलेको धानको बोटमा सेतो किराको महामारीले उत्पादित धान नष्ट पारेकाले सो महामारी रोकथामको लागि प्रादेशिक तथा जिल्ला कृषि कार्यालयहरूको समन्वयमा कारण निदानसहित उक्त किराहरूको रोकथामका लागी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका कास्कीमा रोयल ट्रेकको विकास गरी पर्यटन प्रवर्धन गर्न प्रदेश सरकारबाट विनियोजित रकम रु २० लाख रूपा गाउँपालिका वडा नं ७ मा पर्यटन प्रवर्धन सम्बन्धी कार्यका लागि खर्च गर्ने तथा यस गाउँपालिका र पोखरा महानगरपालिकाको सहलगानीमा पर्यटन प्रवर्धनका निमित्त सञ्चालन हुने योजना अन्तर्गत रकम रु २५ लाख रूपा गाउँपालिका वडा नं ६ मा रोयल ट्रेक निर्माणको लागि खर्च गर्ने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं ५ मा रहेको प्रदेशकै ठुलो ऐतिहासिक पौवा गुठीमा नेपालका राष्ट्रिय विभुति भक्ति थापाको आगमन भएको ऐतिहासिक धरोहरको संरक्षण तथा सम्वर्धन गरी उक्त गुठीको पुनर्निमाण र प्रवर्धन गर्न नेपाली सेनासँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

घ) रूपा गाउँपालिका कास्की अन्तर्गत रूपाकोट अस्पतालबाट स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनका लागि कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्ने देखिएकाले मातहतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा हुने निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका कास्की अन्तर्गत रहेका विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्ने देखिएकाले उक्त कार्यको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा हुने निर्णयलाई स्वीकृत गर्ने गरियो ।

च) रूपा गाउँपालिका कास्की अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत प्रध्यानाध्यापक तथा गाउँ शिक्षा समितिको शैक्षिक अध्ययन अवलोकन भ्रमण सहभागी तथा गाउँपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा सञ्चालनका लागि गाउँपालिकाको तर्फबाट रुकम रु २ लाख आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

छ) रूपा गाउँ कार्यपालिका कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा रहेको स्टोर शाखाको भवन पछाडिको पर्खाल निर्माण गर्नुपर्ने देखिएकाले लगत अनुमानबाट हुन आएको रकम रू १ लाख नबढ्ने तथा आगामी गाउँसभाबाट अनुमोदन हुने गरी बजेट व्यवस्थापन सहित कार्यप्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

मिति २०८१ कार्तिक १३ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रूपा गाउँपालि